# जिल्ला अस्पतालका सेवा बन्द

**उदयपुर** : सहकर्मीलाई कोरोना संक्रमण देखिएपछि जिल्ला अस्पताल उदयपुरका दुइटाबाहेक सबै सेवा आइतबारदेखि बन्द गरिएको छ। शनिबार प्रादेशिक अस्पताल विराटनगरको कोरोना प्रयोगशालामा गरिएको परीक्षणमा अस्पतालका रेडियोग्राफीलाई कोरोना भाइरस पुष्टि भएसँगै अत्यावश्यक (इमरजेन्सी) र प्रसुति सेवाबाहेकका सम्पूर्ण सेवा बन्द भएको हो।

अस्पतालद्वारा जारी सूचनामा आइतबारदेखि इन्डोर, ओपीडी, ल्याब, एक्सरे सेवा अर्को सूचना जारी नभएसम्म बन्द गरिएको जनाइएको छ। निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. जीवनारायण मण्डलले आफ्ना एक स्वास्थ्यकर्मीलाई संक्रमण पुष्टि भएकाले थप जोखिम बढ्न नदिन तथा सर्वसाधारणको स्वास्थ्यलाई ध्यानमा राखी सेवा बन्द गरिएको बताए। उनले भने, 'तीव्र रूपमा फैलिएको संक्रमण घरभित्रै प्रवेश गरिसकेकाले सर्वसाधरणलाई जोगाउन अस्पतालमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मी तथा कर्मचारीको स्वाब संकलन गर्नुपर्ने भएकाले सेवा स्थगन गरिएको हो। व्यक्तिबाट संक्रमण १४ दिनसम्म सर्ने खतरा रहने चिकित्सकहरू बताउँछन्।

## शाहीविरुद्ध...

मुख्यमन्त्रीले पार्टीको भावनाअनुसार काम गर्न नसकेको, संसदीय दललाई अटेर गरेको र साबिक माओवादीलाई मात्र च्यापेको उनीहरूको जिकिर छ।

अविश्वासको प्रस्ताव पारित भए शाही दलका नेताबाट हट्नेछन्। संविधानमा बहुमत प्राप्त दलका नेता नै मुख्यमन्त्री हुने व्यवस्था छ। एमाले र माओवादीबीच एकता नहुँदा मुख्यमन्त्रीमा कँडेलको चर्चा थियो। तर, पार्टी केन्द्रको दबाबमा साबिक माओवादीलाई मुख्यमन्त्री भाग परेको थियो। कर्णालीमा कँडेल नै एमाले संसदीय दलका नेता थिए। तर, पार्टी एकतापछि कँडेलले नै दलका नेतामा शाहीलाई प्रस्ताव गरेका थिए। अविश्वास प्रस्ताव दर्ता भएसँगै कर्णालीमा मुख्यमन्त्री परिवर्तनको संकेत देखिएको छ।

प्रदेशसभामा नेकपाका ३३, कांग्रेसका ६ र एक जना राप्रपाका सांसद छन्। यस्तै पूर्वएमाले पक्षका मात्र २० सांसद छन् भने पूर्वमाओवादी पक्षका १३ जना। अविश्वास प्रस्तावमा पूर्वमाओवादी पक्षकै पुष्पा घर्ती, ठम्मरबहादुर विष्ट र धर्मराज रेग्मी गरी तीन जनाले हस्ताक्षर गरेका छन्। घर्ती उपसभामुख हुन्। यसले पूर्वमाओवादी पक्षमा विभाजन देखिएको छ। पूर्वएमाले पक्षका कँडेलसहित अम्मर थापा, चन्द्रबहादुर शाहीलगायत १५ जनाले हस्ताक्षर गरेका छन्। मन्त्री भएका कारण दुई र प्रमुख सचेतक भएका कारण एक जनाले हस्ताक्षर नगरे पनि उनीहरू प्रस्तावको पक्षमा रहेको दाबी एक सांसदले गरे। नेकपामा दलको नेता फेर्न १७ जना सांसदको समर्थन भए पुग्छ।

मुख्यमन्त्री शाहीले भने सरकारविरुद्ध अविश्वासको प्रस्ताव नआएको प्रतिक्रिया दिएका छन्। 'दलको नेताविरुद्ध प्रस्ताव आएको हो। सरकारकै विरुद्धमा प्रस्ताव आएको छैन', शाहीले भने, 'यसलाई हामी छलफल गरेर समाधान गर्नेछौं। साथीहरूको असन्तुष्टि हल गर्नेछौं।' केन्द्रमा पनि यस्ता समस्या देखिएको र त्यसलाई पार्टीले हल गरेको उनको भनाइ छ। मुख्यमन्त्रीको सचिवालयले भने सहमति र पार्टी एकताको मर्म जोगाउनकै लागि कर्णालीमा साबिक माओवादीले मुख्यमन्त्री पाएकाले अहिले नै सरकार परिवर्तन हुन नसक्ने जनाएको छ।

## ५२ जिल्ला...

हालसम्म जम्मा ६ सय ३६ जनाको मृत्यु भइसकेको छ। आइतबार एकै दिन २२ जनाको ज्यान गएको मन्त्रालयले पुष्टि गरेको छ।

संक्रमण द्रुत गतिमा फैलिए पनि मानिसको चहलपहल उत्तिकै देखिएको छ। नजिकिँदो चाडपर्वका लागि किनमेल गर्नेका कारण सहरबजारमा भीडभाड छ। सवारीसाधन खुलेसँगै सहरबाट गाउँ र गाउँबाट सहर जाने आउने क्रम चलिरहेको छ। यस्ता गतिविधिले अझै खतराको स्थितितिर लैजाने सम्भावना भएको विज्ञको भनाइ छ। 'कोरोना संक्रमणको यो अवस्था आउँछ भन्ने पूर्वानुमानित थियो', आईओएमका पूर्वडिन डा. जगदीश अग्रवाल भन्छन्, 'अहिले सरकार र जना दुवैले हात उठाएको अवस्था छ। गम्भीरता कसैसँग पनि छैन।' यो अवस्था अझै विकराल बन्न सक्ने उनको अनुमान छ। टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका डा. अनुप बाँस्तोला संघीय राजधानीको हकमा अहिलेकै अवस्था एकदमै जटिल भएको बताउँछन्। 'संक्रमणको स्थिति हेर्दा अहिले अन्य जिल्लाभन्दा राजधानीको अवस्था विषम छ', डा बाँस्तोला भन्छन्, 'अस्पतालका शय्याहरू भरिएका छन्। सिकिस्त बिरामीलाई शय्या पाउने अवस्था छैन।' तर, राजधानीमा अझै विकराल स्थिति आउन सक्ने उनको ठम्याइ छ।

अन्य जिल्लाको हकमा पनि दिनदिनै अवस्था गम्भीर बन्दै जाने संकेत देखिएको उनको भनाइ छ। 'राजधानीबाहेकका जिल्लामा पनि अहिलेभन्दा गम्भीर अवस्था आउन सक्छ', उनी भन्छन्, 'तर, यो सबै कुरा मानिसको व्यवहारमा भर भर्ने कुरा हुन्।'

सरकारले चाडपर्व जहाँ छौं त्यहीं बसेर मनाउन अनुरोध गरेको छ। सुरक्षा मापदण्ड अपनाएर मात्रै हिँडडुल गर्न सरकारले भनेको छ। तर, जनता चाडबाड मनाउन राजधानीबाट गाउँतिर फर्किने धेरै सम्भावना रहेको डा. बाँस्तोलाको अनुमान छ। चाडपर्वमा धेरै मानिस राजधानीबाहिर गए यहाँ प्रकोप कम हुने उनी बताउँछन्।

'चाडपर्वले राजधानीबाट मानिस बाहिरिने सम्भावना धेरै छ', उनी भन्छन्, 'त्यस्तो भएमा यहाँ संक्रमणको दर घट्छ। यहाँबाट गएका मानिस जुन-जुन ठाउँमा जान्छन् ती ठाउँमा दुई-चार हप्तादेखि संक्रमण बढ्छ।' यो अवस्थामा संक्रमण रोक्न नसकिने उनी बताउँछन्। 'सरकारले आवतजावत रोक्न सुरुमा लकडाउन गर्‍यो', उनी भन्छन्, 'त्यो ठीक थियो। नत्र अहिलेको अवस्थामा हामी दुई महिनाअघि नै पुग्ने थियौं। तर लकडाउन गरेर पनि सीमा नाकाहरूमा आवतजावत पूर्णरूपले रोक्न सकिएन। अहिले त भने सम्भव छैन।' सुरुमै भारतबाट तराईका जिल्लामा छिरेकाहरूको कन्ट्याक्ट ट्रेसिङ गर्न नसकिएकाले संक्रमण फैलिएको उनको भनाइ छ।

आवतजावत रोक्न लकडाउन र निषेधाज्ञाको विकल्प नरहेको डा. अग्रवाल बताउँछन्। 'मानिसको आवतजावत रोक्न त निषेधाज्ञा र लकडाउन नै हो', उनी भन्छन्, 'तर, अहिलेको अवस्थामा यो सम्भव छैन। कसैले पनि मान्दैनन्।' यस्तो अवस्थामा सबैले गम्भीर भएर सुरक्षा मापदण्ड अपनाउनुपर्ने उनको सुझाव छ। मानिसको चहलपहल नियन्त्रण गर्न सम्भव नहुने डा. बाँस्तोलाको भनाइ छ। 'अहिले रोगभन्दा भोकले मर्ने डर छ', उनी भन्छन्, 'त्यसैले संक्रमण रोक्न धेरै चुनौती छन्। अहिले अर्थतन्त्रलाई पनि चलायमान बनाउनुपर्ने अवस्था छ। त्यसैले लकडाउन निषेधाज्ञा सम्भव छैन।'

# बारमै विवाद




**बलात्कार आरोपितलाई धरौटी**

- अदालतको आदेशको बचाउ गर्न खोज्दा कानुन व्यवसायीबीच विवाद बढ्दो
- एक हजार रुपैयाँ दिन्छु भनेर सहमतिमै करणी गरेको पीडकद्वारा स्वीकार

**अन्नपूर्ण** | *विराटनगर*

बलात्कारसम्बन्धी मुद्दामा पीडकलाई धरौटीमा छाड्न जिल्ला अदालत मोरङले दिएको एउटा आदेशको बचाउ गर्न खोज्दा कानुन व्यवसायीबीच विवाद बढेर गएको छ।

'एक हजार रुपैयाँ दिने सर्तमा सहमतिमै करणी गरेको' बयान दिएर घटना स्वीकार गरेका मोरङको रतुवामाई नगरपालिका-८ कुखुरेडाँडाका काजी भनिने काजीमान श्रेष्ठलाई एक लाख धरौटीमा छाड्न न्यायाधीश राजकुमार कोइरालाको इलजासले दिएको आदेश विवादमा परेको थियो।

आदेशलाई आधार मानेर सञ्चारमाध्यममा समाचार प्रकाशन भएपछि बचाउमा उत्रिएका केही कानुन व्यवसायीको जोडबलमा मोरङ बार एसोसिएसनको लेटरप्याडको प्रयोग गर्दै गत शुक्रबार विज्ञप्ति जारी गरेर समाचारप्रति आपत्ति जनाइएको छ।

आदेशलाई गोप्य दस्तावेज भन्दै जारी गरिएको पाँचबुँदे विज्ञप्तिमा एसोसिएसनका सचिव नागेश्वरप्रसाद सिंहको हस्ताक्षर छ। विज्ञप्तिमा अदालतको मर्यादामा खलल पुग्ने गरी अनाधिकृत रूपमा गोप्य कागज प्रमाणहरू चोर्ने वा बदनियतपूर्वक सूचना चुहावट भए त्यस्ता व्यक्तिको पहिचान गरी कारबाहीको दायरामा ल्याइनु पर्नेलगायतका विषय उल्लेख छन्।

तर समाचारप्रति आपत्ति जनाउँदै र विवादस्पद आदेशको बचाउमा विज्ञप्ति जारी भएपछि कानुन व्यवसायीबीच नै फाटो आएको हो। अधिकांश कानुन व्यवसायीले विज्ञप्ति पेसागत मर्म र दायित्वभन्दा बाहिर रहेको बताएका छन्। स्वयं बारका जिल्ला अध्यक्ष पुनमकुमार गुप्ताले स्वतन्त्रपूर्वक समाचार लेख्न पाउने पत्रकारको हकलाई नै अंकुश लगाउने र कुण्ठित गराउन खोज्ने आशयले ध्यान नपुर्‍याइकन विज्ञप्ति जारी भएको बताए। उनका अनुसार बारका पदाधिकारीबीच गहन रूपमा आवश्यक छलफल नभइकन विज्ञप्ति जारी भएको हो।

'समाचार र आदेशको विषयमा बारमा छलफल हुँदै थियो। म हिँडिहाल्नु पर्‍यो,' उनले भने, 'बारको लेटर प्याड प्रयोग गरेर विज्ञप्ति जारी गर्दै साथीहरूले बढी नै गरेछन्। यसमा कसको के स्वार्थ जोडियो मैले बुझेको छैन', अध्यक्ष गुप्ताले बन्द इजलासको कुनै कागज प्रमाणित गरेर लिनु पर्ने भए पनि अदालतको लिखित आदेश गोप्य हुनै नसक्ने बताए।

अदालतमा विचाराधीन मुद्दा व्यवस्थापनका लागि तहगत रूपमा अदालतको व्यवस्था गरिएको हुँदा समाचार आएकै विषयमा विज्ञप्ति जारी गरेर रोइलो मच्चाउनुपर्ने कुनै कारण नभएको एक कानुन व्यवसायीले बताए। बारका सचिव सिंहले भने आदेशका सबालमा आएका समाचार पच्ने खालको नभएकाले बारबाट निर्णयनै गरेर विज्ञप्ति जारी गरिएको दाबी गरे। 'कानुन व्यवसायीबीचमा छलफल भएर विज्ञप्ति निकालिएको हो,' उनले भने, 'कसैको दबाब र प्रभावमा परेर यो काम गरिएको हैन।'

नेपाल पत्रकार महासंघ मोरङका सचिव अर्जुन आचार्यले बारको विज्ञप्तिले प्रेस स्वतन्त्रतामाथि नै धावा बोलेको बताए। अदालतको आदेश सार्वजनिक विषयवस्तु भएकाले समाचार प्रकाशन हुनु कुनै पनि अपराध नभएको उनको भनाइ छ।

अनुसन्धानका क्रममा र अदालतमै बयान दिने क्रममा प्रतिवादी श्रेष्ठले 'एक हजार रुपैयाँ' दिन्छु भनेर सहमतिमै करणी गरेको स्वीकार गरेका छन्। उनैलाई न्यायाधीश कोइरालालको इजलासले असोज १६ गते पुर्पक्षका लागि एक लाख रुपैयाँ धरौटी लिएर छाड्न दिएको हो। घाँस काट्न खेतमा गएका बेला भदौ २३ गते आफूमाथि श्रेष्ठले बलात्कार गरेकोभन्दै २३ वर्षीया दलित महिलाले किटानी जाहेरी दिएपछि प्रहरीले अनुसन्धान गर्दै घटना मुद्दाका रूपमा अदालतमा आइपुगेको हो।

अदालतको आदेशका कारण अन्यायमा परेर झन् आफू पीडित बन्नु परेको गुनासो महिलाको छ। पीडित नेपाल सरकारका तर्फबाट सहायक जिल्ला न्यायाधिवक्ता मनीषबाबु पोखरेल तथा पीडकका तर्फबाट अधिवक्ताहरू भोजराज श्रेष्ठ र मुक्तिनाथ सुवेदीले बहस गरेका थिए। सरकारी वकिल कार्यालय मोरङले चित्त नबुझेको भन्दै उक्त आदेश बदरको माग गरेर उच्च सरकारी वकिल कार्यालयमार्फत उच्च अदालत विराटनगरमा मुलुकी फौजदारी कार्यविधि संहिताको २०७४ को दफा ७३ नम्बर बमोजिम गत बुधबार निवेदन दर्ता गरिसकेको छ। निवेदनमा जिल्लाको आदेश बदर र प्रतिवादीलाई थुनामै राखेर मुद्दाको पुर्पक्ष हुनुपर्ने माग राखिएको जिल्ला न्यायाधिवक्ता मनोज आचार्यले बताए।

आदेश दिने न्यायाधीश कोइरालाको भने गत बुधबार मोरङबाट जिल्ला अदालत काठमाडौं सरुवा भएको छ। न्याय परिषद्ले गरेको न्यायाधीशको नियमित सरुवामा उनको नाम पनि परेको हो।

**Government of Nepal (GoN)**
**Ministry of Agriculture and Livestock Development**
**Department of Livestock Services**
**Natural Water Fisheries Promotion and Conservation Center**
**Hetaunda, Makawanpur**

## Invitation for Bids

**Date of publication: 2077/06/26 B.S. (12th Oct, 2020)**

1. **Natural Water Fisheries Promotion and Conservation Center, Hetauda, Makawanpur** invites electronic bids from Nepalese eligible bidders for the construction and maintenance of **various projects as mentioned in para 8 (single stage single envelopbidding procedure)** works under National Competitive Bidding procedures. The estimated amount (Excluding VAT and Contingencies) for the works is as **mentioned in para 8.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **Natural Water Fisheries Promotion and Conservation Center, Hetauda, Makawanpur, email: fdchetauda@gmail.com, Phone no:057-520567** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder should download bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically. The bidder should deposit the cost of bidding document **NRs. 3000 (Three Thousand) per project for projects mentioned in para 8** in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank: **Nepal Bank Limited, City Offfice, Hetauda, Makawanpur**

   Name of Office: Natural Water Fisheries Promotion and Conservation Center, Hetauda, Makawanpur

   Office code No.: 312023201

   Office Account no. for Bidding Document: 00101000000001001001

   RajaswaSirshak No.:14229

   Office Account no. for Bid Security (Dharauti Khata): 0250100000200300001
4. **Pre-bid meeting** shall be held at **Natural Water Fisheries Promotion and Conservation Center, Hetauda, Makawanpur, on 2077/07/16 (1st, Nov, 2020) at 14:00.**
5. Electronic bids must be submitted to the **Natural Water Fisheries Promotion and Conservation Center, Hetauda, Makawanpur** through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 on 2077/07/26 B.S (11th Nov, 2020).** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on **14:00 of 2077/07/26 B.S. (11th Nov, 2020)** at **Natural Water Fisheries Promotion and Conservation Center, Hetauda, Makawanpur.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copyof the bid security in pdf format. The bid security amounting Prescribed in the following table which shallbe valid for **30 days** beyond the validity period of the bid **for para 8.**
7. If the last date of purchasing and /or submission falls on Government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The name and identification of the contract under **Single stage one envelops Bidding procedure** are as follows:

| S. N. | Contract ID | Name of the Project | Address | Estimated Amount (Excluding VAT and Contingencies) | Bid Security Amount (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | NWFPCC/ 01/077/78 | Construction of fencing works of double track ponds | Hetauda-05 | NRs. 53,80,519.54 | NRs. 1,57,400.00 |
| 2 | NWFPCC/ 02/077/78 | Construction of pond and maintenance of Tunnel | Hetauda-05 | NRs. 24,78,630.63 | NRs. 72,500.00 |

**Office Chief**

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
सत्ती भन्सार कार्यालय टिकापुर, कैलाली

## सिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०६।२६

यस कार्यालय स्थित कार्यालय परिसरमा चालु आ.व.२०७७।०७८ मा सार्वजनिक निर्माण कार्य गर्नु पर्ने भएकोले नेपाल सरकार बाट ईजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही प्रत्येक कार्यका लागी छुट्टा छुट्टै सिलवन्दी बोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

१.बोलपत्र फाराम यो सुचना प्रकाशीत भएको मितिले ३० औं दिन सम्म (सो दिन विदा परेमा सो दिन लगतै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र बोलपत्र दस्तुर रु.३०००। (फिर्ता नहुने गरी) तिरी चालु आ.व.को लागी नविकरण भएको कारोबारको ईजाजत पत्र आ.व.२०७६।७७ को कर चुक्ता प्रमाण पत्र ,स्थायी लेखा नम्बर र मु.अ. कर दर्ता प्रमाण पत्रको पत्रिलिपी पेश गरी यस कार्यालय बाट प्राप्त गर्न सकिने छ ।

२.म्याद भित्र खरिद गरेको बोलपत्र, बोलपत्र खरिद गर्न पाउने अन्तिम दिनको भोलीपल्ट (सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) दिनको १२.०० बजे भित्रःयस सत्ती भन्सार कार्यालय खक्रोला स्थित कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ । सोही दिनको १३.०० बजे उपस्थित प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिने छन बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन । ।

३.खरिद गरेको बोलपत्र फाराममा दररेट भरी सिलवन्दी गरी ठेक्का नं.र कामको विवरण उल्लेख गरी पेश गर्नु पर्ने छ। बोलपत्र पेश गर्दा बोलपत्र पेश गर्ने फर्म, कम्पनी तथा संस्थाको अधिकार प्राप्त प्रतिनिधिले बोलपत्र फाराममा रितपुर्वक सहीछाप गरी फर्म वा कम्पनीको छाप लगाएको हुनु पर्ने छ । बोलपत्र साथ चालु आ.व.को लागी नविकरण भएको कारोबारको ईजाजत पत्र आ.व.०७६।०७७ को कर चुत्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रिलिलिपी पेश गर्नु पर्ने छ । पेश भएको बोलपत्र मुल्याङ्कन सम्पन्न गरी ठेक्का संम्झोता गर्नका लागी बोलपत्रको मान्य अवधि ९० दिनको हुने छ ।

४.बोलपत्रमा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ । केरमेट भएको ठाँउमा बोलपत्रदताको सही छाप भएको हुनु पर्नेछ ।

५.बोलपत्र दाताले सिलवन्दी बोलपत्रसाथ तोकीय बमोजिमको नगद जमान यस कार्यालयको कार्यालय कोड नं.३०५०३७७०२ उल्लेख गरी को.ले.नि.का. धनगढीको नाममा रा.बा. बैंक धनगढी शाखा स्थित धरौटी एकल खाता नं.४१७०१००१०२०३०००० मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बिड सिलवन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० दिन मान्यता भएको बैंक ग्यारेण्टी (बिड बण्ड) पेश गर्नु पर्ने छ ।

६. यो सुचना बमोजिम पर्न आएका बोलपत्रहरु स्वीकृत गर्ने , नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. प्रचलित ऐन बमोजिम कालो सुचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनिको संचालकले नयाँ फर्म कम्पनी वा संस्था खोली बोलपत्र पेश गर्न पाउने छैन ।

८.बोलपत्रमा कुनै शर्त राख्न पाईने छैन म्याद नाघी आएका र रित नपुगेको बोलपत्रमा कुनै कारवाही हुने छैन बोलपत्र पेश गर्दा बोलपत्रदाताले आफ्नो पत्रचार गर्ने ठेगाना र फोन नं. उल्लेख गर्नु पर्ने छ ।

९.अन्य जानकारी को लागी कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१०.बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भएपछी स्वीकृत बोलपत्रपत्रदाताले स्वीकृत अंकको (मु.अ.कर.समेत) ५% ले हुन आउने रकम वा परफरमेन्स सेक्यूरिटी र निर्माण कार्य तालीका का साथ यस कार्यालयमा सम्झौता गर्न आउनु पर्ने छ ।

११.यसमा लेखिएको हकमा यसै सुचना अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ ।

| सि .नं | ठेक्का नं. | कामको विवरण | स्थान | ल.ई. मु.अ.कर कन्टिजेन्सी वाहेक | बिड सुरक्षा धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | *Shed Construction work* | सत्ती भन्सार कार्यालय टिकापुर कैलाली | रु.४२७३३८३.६० | रु.१११०००। | |
| २ | ०२/०७७/०७८ | यात्रु शाखा निर्माण कार्य | " | रु.३४००५१६.५२ | रु.८८५००। | |

मो.नं.९८५८४८८४०९/ ९८५८४७७०७५